बैठक संख्या :- १३२

आज मिति २०८२/०७/१२ गते बुधबार बिहान ठिक ९:०० बजे कपिलबस्तु नगरपालिकाको नगर प्रमुख श्री सुदिप पौडेल ज्यूको अध्यक्षतामा र निम्न अनुसारका पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको बैठक बसी देहाय बमोजिमको निर्णय गरियो ।

| क्र.स. | नाम.थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुदिप पौडेल | नगर प्रमुख | |
| २ | श्री सुनिता गुप्ता | नगर उप-प्रमुख | |
| ३ | श्री मोहम्मद जाहिद खाँ | वडा अध्यक्ष वडा नं १ | |
| ४ | श्री अशोक कुमार गुप्ता | वडा अध्यक्ष वडा नं २ | |
| ५ | श्री रुद्र बहादुर गैरे | वडा अध्यक्ष वडा नं ३ | |
| ६ | श्री रवेन्द्र प्रसाद तिवारी | वडा अध्यक्ष वडा नं ४ | |
| ७ | श्री दिरेप कुमार चौधरी | वडा अध्यक्ष वडा नं ५ | |
| ८ | श्री रामजित प्रसाद कुर्मी | वडा अध्यक्ष वडा नं ६ | |
| ९ | श्री ~~इन्द्रमणी~~ कुर्मी भागमती नाउ कुर्मी | वडा अध्यक्ष वडा नं ७ | भागमति |
| १० | श्री शिव कुमार पाण्डेय | वडा अध्यक्ष वडा नं ८ | |
| ११ | श्री दिपक गुरुङ | वडा अध्यक्ष वडा नं ९ | |
| १२ | श्री मोहनलाल शर्मा | वडा अध्यक्ष वडा नं १० | |
| १३ | श्री राम गोपाल यादब | वडा अध्यक्ष वडा नं ११ | |
| १४ | श्री ~~इन्सान अलि~~ धुनियाँ शिफात अलि धुनियाँ | वडा अध्यक्ष वडा नं १२ | |
| १५ | श्री चन्द्रा कुर्मी | कार्यपालिका सदस्य | चन्द्रा |
| १६ | श्री प्रेमा देबी कोरिन | कार्यपालिका सदस्य | प्रेमा |
| १७ | श्री मानती कहाईन | कार्यपालिका सदस्य | |
| १८ | श्री शिरबिन्दु थारु | कार्यपालिका सदस्य | शिर बिन्दु |
| १९ | श्री प्रभावती यादब | कार्यपालिका सदस्य | प्रभावती |
| २० | श्री गोबिन्द कहार | कार्यपालिका सदस्य | गोबिन्द |
| २१ | श्री गंगेश कुमार बर्मा | कार्यपालिका सदस्य | |
| २२ | श्री राम दास चमार | कार्यपालिका सदस्य | |
| २३ | श्री पुनाराम पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थिति:

| | | | |
|---|---|---|---|
| १ | श्री अब्दुल रसिद खाँ | सल्लाहकार | |
| २ | श्री बलराम खोपाने | लेखा अधिकृत | |
| ३ | श्री नारायण रेग्मी | वरिष्ठ प्रशासन सहायक | |
| ४ | श्री शिव प्रसाद पाण्डे | का. सहायक | |
| ५ | | | |

## मिति २०८२/७/१२ गतेको कार्य पालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या :- १३२ बैठकका प्रस्तावहरु

१. समसामायिक विषयमा छलफल सम्वन्धमा ।

२. विविध ।

**निर्णयहरु**

१. मिति २०८२/३/२७ गते सम्पन्न भएको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो ।

२. नेपाल सरकार अर्थ मन्त्रालय सिंहदरबार काठमाडौद्वारा मिति २०८२/६/०७ गते जारि प्रेस विज्ञप्ति अनुसार र नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाडौ (स्थानीय तह समन्वय शाखा) द्वारा मिति २०८२/६/०८ च.नं. ११३ पत्रानुसार सबै स्थानीय तहहरुलाई निर्णय कार्यन्वयन गर्ने/गराउने सम्वन्धमा नेपाल सरकारका सबै मन्त्रालय तथा निकाय, प्रदेश सरकार तथा सबै स्थानीय तहहरुलाई पत्राचार बमोजिम यस कपिलवस्तु नगरपालिकाबाट हुने वितरणमुखी प्रकृतिका खरिद कार्यहरु अर्को सूचना नभए सम्मको लागि स्थगित गर्ने र अन्य वितरणमुखि योजनाहरुमा देहाय बमोजिम हुने निर्णय गरियो

मेसिनरी औजारजन्य सामाग्रीहरुमा ५० प्रतिशत (लागत सहभागिता)

अन्यको हकमा २५ प्रतिशत (लागत सहभागिता)

३. यस कपिलवस्तु नगरपालिकाबाट मिति २०८२/६/२१ सम्म सहुलियत स्वास्थ्य बिमामा बाँकी विमा प्रिमियम शुल्क भुक्तानी गर्ने निर्णय गरियो।

४. कपिलवस्तु नगरपालिका वडा नं. ३ रामघाट स्थित मिति २०८२/७/१८-१९ गते सम्म लाग्ने पुर्णिमा मेलाको सम्पूर्ण व्यवस्थापन आ.व.२०८२/०८३ को लागि सम्बन्धित श्री रामजानकी मन्दिर व्यवस्थापन समितिबाट नै ठेक्का व्यवस्थापन गराउने निर्णय गरियो ।

५. चालु आ.व.को लागि नदिजन्य पदार्थ उत्खनन तथा संकलनका लागि ठेक्का आह्वान गर्न कार्यालय लाई निर्देशन दिने ।

६. यस कपिलवस्तु नगरपालिकाबाट विभिन्न समय भएका विज्ञापनहरुको पदपूर्ति यथाशिघ्र अगाडी बढाउन कार्यालय लाई निर्देशन दिने ।

७. यस कपिलवस्तु नगरपालिकामा रहेका प्रयोगविहिन सामाग्रीहरुको कवाडी ठेक्का आव्हान गर्ने।

८. यस कपिलवस्तु नगरपालिकाको विभिन्न सार्वजनिक स्थानहरुमा रहेका बोर्डहरुको बिज्ञापन करको लागी ठेक्का आव्हान गर्ने

९. यस कपिलवस्तु नगरपालिकामा संचालन गरिदै आएको सरसफाई ज्यालदारीबाट सन्तोषजनक नरहेकोले सरसफाई व्यवस्थापनको लागी ठेक्का आव्हान गर्ने

१०. यस कपिलवस्तु नगरपालिकाको स्वास्थ्य शाखाबाट तयार गरिएको आ.व.२०८२/८३ को लागि स्वास्थ्य निर्देशिका, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

११. यस कपिलवस्तु नगरपालिकाका नगर प्रमुख एंव स्वास्थ्य व्यवस्थापन समितिका अध्यक्ष सहितको समितिको अनुगमन प्रतिवेदनको आधारमा तपसिल बमोजिमका स्वास्थ्य सस्था दर्ता गर्न अनुमति दिने निर्णय गरियो

**तपसिल**

तिलौराकोट हस्पिटल प्रा.लि. क.ब.न.पा.३ कालिका टोल

१२. कपिलवस्तु नगरपालिका वडा नं.८ बेलभरिया स्थित न.पा. को स्वामित्वमा साविक गा.वि.स.सौरहा वडा.नं.३ रहेको कि.न.८७७ क्षेत्रफल ५४-१३-५ जगगामा फोहोरमैला प्रशोधन केन्द्र संचालनका लागि शहरी पूर्वाधार प्रविधि अनुसन्धान तथा तालिम केन्द्र बवरमहल काठमाडौंलाई प्रस्ताव गर्ने निर्णय गरियो ।

१३. यस कार्यालय तथा अन्तर्गतका कार्यालय र स्वास्थ्य सस्थाहरुमा रिक्त भएका स्थायी दरबन्दिका कर्मचारीहरुको पदपूर्तिको लागि लोक सेवा आयोग प्रदेश कार्यालय समक्ष माग आकृति फारम भरि पठाउने ।

१४. यस कपिलवस्तु नगरपालिकाको मिति २०८२/२/६ गतेको कार्यकार्यपालिका बैठक संख्या :- १२६ निर्णय नं.९ बमोजिम मिति २०८२/४/1 देखि २०८२/५/३० गते सम्म द्विपक्षीय सझौता भएकोमा देशको विषम परिस्थिति एंव मौसम पूर्वानुमान शाखाको तथा राष्ट्रिय विषद व्यवस्थापन समितिको सूचना तथा देश भरीको विपदजन्य परिस्थिती बमोजिम यस कार्यालयको मिति २०८२/५/३० गते टिप्पणी आदेश बमोजिम मिति २०८२/७/१५ गते सम्म यस कपिलवस्तु नगरपालिका र एम डी दानिस निर्माण सेवा विच भएको जे.सि.बि भाडा सम्झौताको म्याद थप गर्ने निर्णय गरियो ।

१५. गत आ.ब.२०८१/०८२ मा तपसील बमोजिमका योजनाहरुको निर्माण कार्यको वार्ताको माध्यमद्वारा गर्नको लागि भएको सम्झौता बमोजिम सम्बन्धित निर्माण व्यवसायीहरुले बिबिध कारणबश समयमा सम्पन्न हुन नसकेका तपसिल बमोजिमका योजनाहरुको सम्झौताको म्याद मिति २०८२ मङ्सिर मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.स. | योजनाको नाम | निर्माण ब्यव.को नाम |
|---|---|---|
| १ | नाली निर्माण क.ब.न.पा.५ कपियवा | श्री एम.डी.दानिश निर्माण सेवा क.ब.न.पा.-५ कपिलवस्तु |
| २ | सिंचाई तथा खानेपानी बोरिंग जडान वडा नं ५ | श्री सोनिया कन्स्ट्रक्सन क.ब.न.पा.-२ कपिलवस्तु |
| ३ | सिंचाई तथा खानेपानी बोरिंग जडान वडा नं २ | श्री सम्पन्न कन्स्ट्रक्सन क.ब.न.पा.-२ कपिलवस्तु |

| | | |
|---|---|---|
| ४ | वडा नं ५ अन्तर्गत गाउँहरुमा बोरिंग जडान | श्री सम्पन्न कन्स्ट्रक्सन क.ब.न.पा.-२ कपिलवस्तु |
| ५ | नगरपालिका भित्रका सडकहरुमा ग्राभेल सप्लाई गर्ने काम | श्री तारा यु.के.कम्पनी प्रा.लि.बुटवल उ..म.न.-८ रुपन्देही |
| ६ | गौढी चोकमा नाली निर्माण वडा नं.१ | श्री हजारी निर्माण सेवा क.ब.न.पा.-२ कपिलवस्तु |

१६. यस कार्यालयबात् सम्बन्धित निर्माण ब्यबसायी श्री एम.के.मंगलदीप जे.भी.काठमान्डौसंग ठेक्का सम्झौता भई संचालनमा रहेको ठेक्का नं.KM/GATE/०७७/०७८-८४ को भवानी भिक्षु चोकमा गेट निर्माण कार्य बिबिध कारणबस समयमै काम सम्पन्न हुन नसकेकोले कार्यालयबाट पेश भई राय बमोजिम उक्त ठेक्काको सम्झौताको म्याद मिति २०८२ कार्तिक मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

१७. यस कार्यालय र सम्बन्धित ब्यबसायी श्री रोजश्री ट्रेडिङ प्रा.लि.तौलिहवा कपिलवस्तुबीच भएको सम्झौता अनुसार हुलाकी सडकको वडा नं १ र २ मा पर्ने बर्गदवा जाने नहर देखि जमुवार पुल सम्म ५४० मि. सडकको मिडियनमा जडान भएको जम्मा १४(चौध) थान सोलार सडक बत्ति उखाली मर्मत गरि नगरपालिकाको विभिन्न स्थानमा जडान गर्नु पर्ने कार्यको लागि यस पालिकाबाट स्थान उपलब्ध गराउन नसकिएकोले उक्त योजनाको म्याद २०८२ पुष मसान्त सम्म थप गर्ने निर्णय गरियो ।